# प्रेस विज्ञप्ति

## अमेरिकी सहयोग नियोग (यूएसएड)को प्रतिवेदन अनुसार भारतसंग हुने विद्युत व्यापारबाट नेपालको आर्थिक वृद्धि हुने

### अमेरिकी सरकार र राष्ट्रिय योजना आयोगद्धारा संयुक्त रुपमा सारी/ईआई प्रतिवेदन सार्वजनिक गरियो

काठमाडौं, नेपाल, जनवरी १९, २०१७ : नेपालका लागि संयुक्त राज्य अमेरिकाको चार्ज डे एफैर्स, महामहीम श्री माइकल गोन्जालेस, राष्ट्रिय योजना आयोगका सदस्य माननीय श्री डा.स्वर्णीम वाग्ले र नेपालका लागि भारतीय दुतावासका द्धितीय सचिव श्रीमती माला नरेन्द्रज्यूले नेपाल र भारत बीचको विद्युत व्यापारबाट हुने आर्थिक लाभ" सम्बन्धी विश्लेषणात्मक प्रतिवेदन संयुक्त रुपमा सार्वजनिक गर्नुभयो । यस अध्ययनमा नेपाल-भारत बीचको अन्तरदेशीय विद्युत व्यापारको सम्भावना र यसले दुई देशको व्यापारमा पार्ने असरको बारेमा विश्लेषण गरिएको छ । यसका अतिरिक्त यस प्रतिवेदनमा नेपाल र भारत बीचको अन्तरदेशीय विद्युत व्यापारले नेपाल र भारतको ऊर्जा प्रणाली र ऊर्जा पूर्वाधारमा पार्ने अवसरको बारेमा पनि अध्ययन गरिएको छ ।

यो प्रतिवेदन अमेरिकी सहयोग नियोग (यूएसएड) को आर्थिक सहयोगमा संचालित चौथो चरणको दक्षिण एसिया क्षेत्रीय ऊर्जा एकीकरण पहल (सारी/ईआई) कार्यक्रम अन्तर्गत इन्टीग्रेटेड रिसर्च एण्ड एक्शन फर डेभलभमेन्ट (ईराडे) ले तयार पारेको हो । यस कार्यकमले दक्षिण एसिया क्षेत्रमा अन्तरदेशीय विद्युत व्यापार प्रवर्द्धन गरी द्धुतदर गतिमा आर्थिक विकास गर्ने लक्ष्य लिएको छ ।

यस प्रतिवेदनको मुख्य अंश ईराडेका सभापति डा. किरित पारिखद्वारा प्रस्तुत गर्नुभएको थियो । समारोहमा उहाँले भन्नुभयो "नेपाल र भारत बीचको बढ्दो ऊर्जा व्यापारले गर्दा सन् २०४५ साल सम्ममा नेपालको कुल ग्रार्हस्थ्य उत्पादन ने.रु. १३१०० अर्व पुग्नेछ जुन हाल भइरहेको व्यापार भन्दा ३९% बढी हो " ।

यस बाहेक नेपाल र भारत बीचको विद्युत व्यापारले नेपालको प्रति व्यक्ति विद्युतको मागमा पनि वृद्धि हुनेछ । नेपालको प्रति व्यक्ति विद्युत माग सन् २०१२ मा १३९ KWh/ प्रतिवर्ष र २०४५ मा १५०० KWh/ प्रतिवर्ष बढ्ने अनुमान गरिएको छ । यस प्रतिवेदनले नेपालको जलविद्युत उत्पादन सन् २०४५ सालमा ३४.४ गीगावाट पुग्ने आंकलन गरेको छ । यसरी विद्युतको प्रतिव्यक्ति माग बढ्ने वित्तिकै मानिसको

जीवनस्थरमा पनि सुधार आउने र यसले मानव विकास सूचांकमा पनि सकारात्मक असर पर्दछ । यसरी यस प्रतिवेदनले अन्तरदेशीय विद्युत व्यापारले नेपालीको आर्थिक रुपान्तरण गर्ने लगायत अतिरक्ति अवसरहरु सृजना गर्ने विषयलाई उल्लेख गरेको छ ।

यस समारोहमा नेपालका लागि संयुक्त राज्य अमेरिकाको चार्ज डे एफैर्स्, महामहीम श्री माइकल गोन्जालेसले ईराडेलाई यस अध्ययन सम्पन्न गरेकोमा र बढ्दो विद्युत व्यापारबाट हुने फाइदाहरु प्रष्टसंग औंलाएकोमा धन्यवाद दिनुभयो ।

उहाँले भन्नुभयो “एसिया विश्वमा तिव्र गतिमा आर्थिक उन्नति गरिरहेको क्षेत्र भए तापनि यहाँ विश्वाशिलो ऊर्जा पूर्वाधारको कमी छ । अन्तर देशीय विद्युत व्यापारद्वारा स्रोतहरुको सर्वोत्तम सदुपयोग गरी र उपयुक्त नियमन कार्यविधिबाट आशातित क्षेत्रिय एकिकरण हासिल गर्न सकिन्छ । उहाँले यस प्रतिवेदनमा उल्लेख गरे अनुसार अन्तर देशीय विद्युत व्यापारद्वारा नेपालले धेरै लाभ उठाउन सक्ने कुरा वास्तवमै सही भएको बताउनुभयो ” ।

त्यसैगरी भारतले नेपालको जलविद्युत आयात गर्ने हुनाले उसको ऊर्जा प्रणलीमा लागत कम हन्छ किनकी ऊर्जा उत्पादनको लागि थप खर्च गर्नुपर्दैन । त्यसैगरी भारतले कोईलाबाट उत्पादन हुने विद्युतको सट्टा नेपालबाट निर्यात हुने जलविद्युत प्रयोग गरी आफ्नो कार्वन उत्सर्जनमा कमी गर्न सक्दछ ।

त्यसैगरी नेपालका लागि भारतीय दुतावासका द्धितीय सचिव श्रीमती माला नरेन्द्रज्यूले प्रतिवेदनको निष्कर्षलाई “नेपाल र भारत दुवैको हितमा रहेको” भनेर उल्लेख गर्नुभयो । यसका अतिरिक्त उहाँले भन्नुभयो “भारत दक्षिण एसियामा अन्तरदेशीय विद्युत व्यापारको लागि प्रतिवद्ध छ र यसलाई सहजीकरण गर्नको लागि भारतको ऊर्जा मन्त्रालयले विदेश मन्त्रालयसंग परामर्श गरेर “विद्युतको अन्तरदेशीय व्यापार गर्नको लागि गाईडलाइन” ल्याएको बताउनु भयो ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा.स्वर्णीम वाग्लेले भन्नुभयो “ईराडेले तयार पारेको यो प्रतिवेदन यस किसिमको पहिलो अध्ययन हो र यो नेपाल सरकार र राष्ट्रिय योजना आयोग दुवैको लागि उपयोगी हुन सक्ने आशा व्यक्त गर्नुभयो । अमेरिकी सहयोग नियोग (यूएसएड) को सहयोग र सहायता विशेषगरी नेपालको प्रसारण क्षमता वृद्धि गर्न उपयोगी हुनेछ । विद्युत व्यापार र जलविद्युत विकासले नेपालको अर्थतन्त्रमा थप ऊर्जा थप्नुका साथै औद्योगीकरणको प्रक्रियामा पनि सहयोग गर्दछ । विद्युत व्यापारबाट नेपाल भारतले मात्र नभएर बंगलादेश र अन्य दक्षिण एसियाली मुलुकहरुले पनि फाइदा लिन सक्दछ ।”

ईराडेको अनुसार यस अध्ययनमा तीनवटा ऊर्जा प्रणालीसंग र दुईवटा आर्थिक मोडेलहरुसंग सम्बन्धित मोडेलहरु अन्तरदेशीय व्यापारको कारणले भारत र नेपालमा के कति असर गर्छ भन्नको लागि प्रयोग गरिएको छ ।

ईराडेका कार्यकारी निर्देशक डा.ज्योति पारिखका अनुसार “यो प्रतिवेदन धेरै परीश्रम गरेर गरिएको नवीन खालको अध्ययन हो । यस अध्ययनमा दुई देशको ऊर्जा प्रणालीलाई विद्युतको उच्च र कम माग हुने समय र मौसममा महिनाको एक पटक विद्युत व्यापारको अनुकुलता मिलाउन जोडिन्छ । यसले भिन्न खालको ज्ञान दिएको छ । त्यसैगरी यसलाई दुवै देशको अर्थतन्त्रसगं, विशेष गरी नेपालले के कस्तो आर्थिक लाभ हुन्छ भनेर अध्ययन गरिएको छ । यसको मूख्य लक्ष्य भनेको नै नेपालले पनि भुटानले जस्तै गरी आर्थिक लाभ उठाएर अर्को श्रेणीमा कसरी पुग्न सक्छ भनेर अध्ययन गरिएको छ । यस अध्ययनको प्राथमिक उद्देश्य नै अन्तरदेशीय विद्युत व्यापारको सम्भावना र फाइदाको बारेमा जानकारी उपलब्ध गराई नीनि निर्माता र निर्णयकर्तालाई सहयोग गर्नु हो भनेरे भन्नुभयो । उहाँले यस अध्ययनको मार्फतबाट प्रमाण जुटाउन सफल भएको हुनाले खुशी व्यक्त गर्नुभयो । ”

**सम्पादकज्यूलाई नोट**

यस प्रतिवेदनको सारांशको लागि तल दिइएको लिंक खोल्नुहोस्

http://sari-energy.org/wp-content/uploads/2017/01/Executive-Summary-Economic-Benefits-from-Nepal-Indai-Electricity-Trade-SARI-EI-IRADe-Rajiv-3.pdf

थप जानकारी र प्रतिवेदनका लागि तल लेखिएको ईमेलमा सम्पर्क गर्नुहोस्

राजीव रत्न पान्डा, कार्यक्रम संयोजक, सारी/ईआई/इराडे, rajivratnapanda@irade.org